annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६५, पृष्ठ ८ | काठमाडौं, शनिबार २० असार [illegible] 26 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# आशा जगायो, भरोसा जागेन

रास्वपा वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको शक्तिशाली सरकारले १०० दिन पार गरेको छ । मुलुकका बेथिति, भ्रष्टाचार, अनियमितता र विसंगति अन्त्य गर्दै देशको काँचुली फेर्ने प्रतिबद्धता गरेको सरकारले 'प्रशासनिक सुधार' का केही महत्त्वपूर्ण काम गरेको छ । तर, कतिपय तिथि र विधि (लेन) मिचेर गरिएका काम भने विवादित छन् । जर्जर बनेको अर्थतन्त्र सुधार र विकासको गति अघि बढाउन भने सरकारको गति नपुगेको जानकारहरू बताउँछन् ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विस्तृत पृष्ठ २



## सरकारका १०० दिन

## 'सेन्सेसन' होइन, 'सोलुसन'को यात्रा



**रवि लामिछाने**
सभापति, रास्वपा

सरकारमा सहभागी भएको १०० दिन पूरा हुँदा आम नागरिक, सञ्चारकर्मी र राजनीतिक वृत्तमा अनेकौं प्रश्न र समीक्षाहरू हुनु स्वाभाविकै हो। आखिर कुनै पनि राजनीतिक दल वा नेताले आफ्नो कामको नतिजा देखाउने मुख्य ठाउँ भनेकै सरकार नै हो। मैले यो १०० दिनको अवधिलाई सरकारको एउटा सकारात्मक सुरुवातका रूपमा लिएको छु।

हामीले यो १०० दिनमा विशेष गरेर सुशासन र नागरिकसँग प्रत्यक्ष सम्बन्धित विषयहरूमा बढी जोड लगाएका छौं। यो आवश्यक पनि थियो। जहाँ आम नागरिकको भिड हुन्छ, जहाँ उनीहरूले सास्ती खेप्नुपर्छ– तिनलाई डिजिटल बनाउने, होम डेलिभरीको व्यवस्था गर्ने वा कम झन्झटिलो बनाउने क्रमको सुरुवात हामीले गरेका छौं। विकास निर्माण र दूरगामी विषयहरूमा आज गरिएको कामको प्रभाव अलिकति पछाडि देखिँदै आउँछ। भौतिक पूर्वाधारकै क्षेत्रमा कुरा गर्ने हो भने हामीले तीन वर्षको प्याकेज बनाएर काम सुरु गरेका छौं, जसको नतिजा आउन केही समय लाग्न सक्छ; यद्यपि तत्काल देखिने नतिजाहरूमा पनि काम निरन्तर भइरहेकै छ।

नागरिक समाज र विश्लेषकहरूले यसलाई कसरी प्रतिक्रिया दिनुहुन्छ, हामी त्यसको गहिरो अध्ययन गर्छौं। त्यसमा केही कमी, कमजोरी रहेछन् भने ती सुझावहरूलाई स्वीकार गर्दै अझ परिपक्व ढंगले अगाडि बढ्ने हाम्रो तयारी छ। नागरिकलाई सम्बोधन गर्ने र सुशासनको सुरुवात गर्ने सवालमा सरकार सफल भएको छ भन्ने मलाई लाग्छ।

काम गर्ने हतारोमा कतिपय भुलचुक वा कमजोरी भएका हुन् कि भन्ने आलोचना पनि आएका छन्। म के मान्छु भने, असल नियतका साथ गरिएका कतिपय कामहरूमा कहिलेकाहीँ प्रक्रियागत ढंगले कहीँ न कहीँ कमजोरी जहिले पनि हुन्छन्। तर, मुख्य कुरा सरकारले त्यसलाई महसुस गर्‍यो कि गरेन, त्यसबाट सिक्यो कि सिकेन र करेक्सन गर्‍यो कि गरेन भन्ने हो। लोकतन्त्र भनेको नतिजामात्र होइन, प्रक्रिया पनि हो।

यदि कतै हतारो भयो वा प्रक्रिया मिचियो भने हामी त्यसलाई अवश्य पनि रियलाइज गर्छौं। नियत ठीक हुँदाहुँदै पनि प्रक्रिया उत्तिकै महत्त्वपूर्ण हुन्छ। त्यसैले भविष्यमा त्यस्ता त्रुटिहरू नदोहोरिऊन् भन्ने कुरामा हामी सचेत छौं।

पासपोर्ट छपाइमा मैले नै हस्तक्षेप गर्नुपर्‍यो भन्ने खालका हल्लाहरू बाहिर आए। ती समाचारहरूमा सत्यता छैन, त्यस्तो केही पनि भएको होइन। खबर त मलाई सोधेर आएको होइन नि! हाम्रो मूल ध्यान के हो भने, पासपोर्टजस्तो संवेदनशील विषयमा नागरिकलाई समयमै सेवा प्राप्त होस्। समयमा प्राप्तमात्र होइन, सम्झौताबमोजिमको आवश्यक गुणस्तर र मापदण्डअनुसार त्यो उपलब्ध हुनुपर्छ।

» बाँकी पृष्ठ ६

## ठूलो प्रचारबाजी, नतिजा निराशाजनक



**शंकर पोखरेल**
महासचिव, नेकपा एमाले

बालेन शाह नेतृत्वको सरकारले '१०० दिनमा १०० काम' गर्ने वाचासहित हरेक कामका लागि निश्चित समयसीमा तोकेर कार्यप्रारम्भ गरेको थियो। सुरुमा सबै योजनाहरू पूर्व-निर्धारित, व्यवस्थित र तयारी टोली (टिम) द्वारा पूर्ण गृहकार्यसहित आएका हुन् भन्ने भान पारियो। सार्वजनिक रूपमा यसले 'काम गर्ने शैली र थिति यस्तो हुनुपर्छ भन्ने भाष्य पैदा गर्ने कोसिस गर्‍यो।

तर तथ्यको आधारमा १०० दिनको परिणामलाई विश्लेषण गर्दा, यस अवधिमा सरकारका काम अत्यन्त फितलो, अपरिपक्व र विवादास्पद देखिन्छन्। समग्रमा हेर्दा जनताले राखेको विश्वास र अपेक्षाअनुसार सरकारको पहिलो १०० दिनको कार्यसम्पादन निराशाजनक देखिन्छ।

त्यसैले १०० दिनको अनुभवले सरकारले आफ्नो कार्यशैलीको समग्र समीक्षा गरी चुनावी प्रतिबद्धता अनुरूप साहसिक सुधारका कदम चाल्नुपर्ने आवश्यकता स्पष्ट गरेको छ। लक्ष्यअनुसारको आर्थिक वृद्धि हासिल गर्न पनि यस्तो सुधार अपरिहार्य छ। अन्यथा, सरकारको प्रयास अन्ततः उपलब्धिविहीन र शून्य प्रतिफलमा सीमित हुने जोखिम छ।

## घोषणापत्र एकातिर, काम अर्कोतिर : जनतामाथि धोका



**प्रदीप पौडेल**
महामन्त्री, नेपाली कांग्रेस

हाम्रो सरकारलाई नै प्रश्न छ– तपाईंहरूले घोषणा गरेका १०० वटा कार्यक्रममध्ये कति वटा कार्यान्वयन भए ? कति वटामा छलफल भयो ? अनि कति वटा घोषणामा मात्र सीमित भए ? सरकारले आफैंले घोषणा गरेका कार्यक्रमहरू हामीले बाहिरबाट हेर्दा कुनै पनि विषयमा खासै परिणाम आउने गरी प्रयास गरेको देखिँदैन। परिणाम नआई प्रयासमात्रै गरिँदै हो भने त्यो पनि सार्वजनिक गर्नुपर्‍यो।

उपलब्धिका हिसाबले सरकार यही संविधानअनुसार चुनाव लडेर बनेको हो। रास्वपालाई दुईतिहाइ जनताले विश्वास गरेर मत दिए। यति ठूलो जनमत प्राप्त गरेको पार्टीले त्यही संविधानको बर्खिलापमा प्रत्यक्ष कार्यकारी र संघीयताको खारेजीजस्ता विषयहरू अगाडि ल्यायो। उहाँहरूले चुनाव लड्दा हामीले प्रत्यक्ष कार्यकारीको व्यवस्था गर्छौं भनेर लड्नु भएको थियो ? संघीयताको खारेजी हाम्रो प्रमुख मुद्दा हुन्छ भनेर लड्नु भएको थियो ? के वाचापत्रमा त्यो लेख्नु भएको छ ?

वाचापत्रमा एउटा कुरा लेख्ने र चुनावमा अर्को भाषण गर्ने ? चुनावमा अत्यधिक जनविश्वास प्राप्त गरेपछि जनतालाई धोका हुने गरी, चुनाव सम्पन्न भएको दुई महिना पनि नपुग्दै आफ्नै पार्टीको राष्ट्रिय महाधिवेशनबाट चुनावमा नबोलेका र वाचापत्रमा नउठाएका विषयमा बोल्न मिल्छ ? समग्रमा सरकारको १०० दिनको उपलब्धि भनेको उहाँहरूको सन्दर्भमा रास्वपाको अधिवेशनमा पास भएका राजनीतिक दस्तावेजहरू हुन् जस्तो लाग्छ। तर ती विषय भनेका जनतालाई धोका दिने र संविधानको विपक्षमा उभिने खेलमात्र देखिन्छ।

# नीतिगत कडाइ, व्यवसायी हतोत्साही

**राजु शिवा** | *काठमाडौं*

निर्वाचनबाट पुराना दलहरूलाई किनारामा पार्दै झन्डै दुईतिहाइको रास्वपा नेतृत्वको सरकारले शनिबार १०० दिन पूरा गर्दैछ। सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेर गठन भएको रास्वपा वरिष्ठ नेता बालेन शाह नेतृत्वको सरकारले शनिबार नै सरकारका उपलब्धि पनि सार्वजनिक गर्दैछ। हुन त, सरकार गठनलगत्तै १०० दिनमा गर्ने कामहरूको सूची सार्वजनिक गरिएको थियो। सुशासनका पक्षमा कतिपय राम्रा काम भए पनि विकास निर्माणले भने गति लिन सकेन।

सरकारले २०४८ पछि सत्ता र शक्तिमा पुगेका उच्च पदस्थ अधिकारीहरूको सम्पत्ति छानबिनका लागि आयोग गठन, १ हजार ५ सय ९४ राजनीतिक नियुक्ति खारेज, कर्मचारी ट्रेड युनियन र विश्वविद्यालयबाट स्ववियु खारेजी, स्थानीय तहको प्रमुख प्रशासकीयको समस्या अन्त्य, सिंहदरबार र काठमाडौंका पहुँचवाला कर्मचारी विस्थापन, कानुनबमोजिम सुविधा पाउनेबाहेकका कर्मचारीको सवारी सुविधा कटौती, सहकारी समस्या समाधानको पहल र सरकारी र सार्वजनिक जग्गा फिर्ता गर्ने काममा सन्तोषजनक उपलब्धि हासिल गरेको छ।

यस्तै, मन्त्रालयको संख्या कटौती र अनावश्यक दरबन्दी हटाउने, सेवा प्रवाहमा सुधारका कदम र प्रक्रियागत झन्झट घटाउने थालनी, कानुन सुधार प्राथमिकतामा र सयभन्दा बढी कानुन संशोधन गृहकार्य, भ्रष्टाचार र वित्तीय अपराधमा आक्रामक छानबिन, सेवाप्रवाह र निर्णय प्रक्रियामा सुधार तथा कर्मचारी सरुवामा पहिलो पटक अनलाइन प्रणालीको थालनीलगायतलाई समेटेर सरकारले गरेका कामको सूची तयार पार्ने काम भइरहेको प्रधानमन्त्रीको सचिवालयको भनाइ छ।

सरकारले केही सकारात्मक काम सुरु गरे पनि विकल्पबिनै सुकुम्बासी हटाउने, बिना तथ्य र प्रमाण उद्यमी व्यवसायीहरूलाई दुःख दिने गरेको, विपक्षी दलका नेता-कार्यकर्तामाथि प्रतिशोध साँधेर विभिन्न मुद्दा लगाएको, शिक्षालगायतमा कर थपेको, महँगी नियन्त्रण गर्न नसकेको, गरिखाने वर्गका लागि ठोस योजनाहरू ल्याउन नसकेको लगायतका विषयमा भने सरकारको आलोचना भइरहेको छ। १०० दिनमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आफ्नो कार्यसम्पादनलाई उपलब्धिमूलक भएको दाबी गरेको छ। मन्त्रालयले सरकारले तय गरेको शासकीय सुधार कार्ययोजनाअन्तर्गत तोकिएका ३२ वटा कार्य समयअघि नै सम्पन्न गरी त्यसको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाइएको मन्त्रालय स्रोतले बतायो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदी मन्त्रालयअन्तर्गत भएका काम र उपलब्धिको प्रतिवेदन शिक्षा तथा खेलकुद मन्त्रीसमेत रहेका सरकारका प्रवक्ता सस्मित पोखरेललाई बुझाइसकेको बताउँछन्। आफूहरूले बुझाएको प्रतिवेदन सरकारले शनिबार सार्वजनिक गर्ने उपलब्धि सूचीमा समेटिने सहसचिव सुवेदीले जानकारी दिए।

» बाँकी पृष्ठ ६

# छिमेक भ्रमणको परम्परा तोडियो

**राधा खनाल** | *काठमाडौं*

विगतमा प्रधानमन्त्री नियुक्त भएपछि पहिलो भ्रमण चर्चामा रहन्थ्यो, कूटनीतिका बाँकी सबै काम ओझेलमा रहन्थे। प्रधानमन्त्री वालेन्द्र शाहले विगतको परम्परा तोडेका छन्।

छिमेकी भारतको भ्रमणका लागि विभिन्न चरणमा तयारी भए पनि भ्रमणको अझै टुंगो लाग्न सकेको छैन। परराष्ट्रमन्त्री शिशिर खनालले भारत र चीनको भ्रमण गरे। उनले उच्चस्तरीय संवादलाई तीव्र बनाउनुका साथै लगानी, व्यापार, प्रविधि र ऊर्जा सहकार्यलाई अघि बढाउने प्रयास पनि गरे। परराष्ट्रमन्त्री खनालले नेपालले कुनै पनि शक्ति राष्ट्रतर्फ नढल्की स्वतन्त्र र सन्तुलित विदेश नीति अपनाउने सार्वजनिक रूपमा व्यक्त गरेका छन्। दुवै छिमेकी मुलुकको भ्रमणका क्रममा उनले आर्थिक समृद्धिलाई केन्द्रमा राखेर कूटनीतिक सम्बन्ध विस्तार गर्ने प्रयास गरेको देखिन्छ।

सरकारको पहिलो प्रमुख कूटनीतिक प्राथमिकतामध्ये भारतसँगको सम्बन्धलाई नयाँ ढंगले अगाडि बढाउन खोजेको देखिन्छ। परराष्ट्रमन्त्री खनालले आफ्नो पहिलो औपचारिक भ्रमण भारतबाट सुरु गर्दै राजनीतिक संवाद, व्यापार, ऊर्जा, पूर्वाधार तथा सीमा विवादलाई वार्तामार्फत समाधान गर्ने प्रतिबद्धता दोहोर्‍याएका थिए। 'सरकार गठन भएको छोटो समयमा सरकारको औपचारिक प्रतिनिधित्व गर्दै सम्पन्न भारत र चीनको भ्रमणबाट मैत्रीपूर्ण र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुगेको मैले विश्वास लिएको छु,' सरकारी समाचार एजेन्सी राससलाई दिएको अन्तर्वार्तामा खनालले भनेका छन्, 'छिमेकी मुलुकको भ्रमणको क्रममा पूर्वाधार, 'कनेक्टिभिटी', सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि तथा डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धलगायत विविध क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा उपलब्धिमूलक छलफल भएको छ।'

खनालले संसद्मा पनि नेपाल भारतसँग सीमा विवादलाई वार्तामार्फत समाधान गर्न सधैं तयार रहेको स्पष्ट गर्दै संवाद नै समस्याको दीर्घकालीन समाधान भएको बताएका थिए।

### चीनसँग आर्थिक सहकार्य विस्तार

भारत भ्रमणपछि परराष्ट्रमन्त्री खनालले चीनको भ्रमण गर्दै पूर्वाधार, प्रविधि, पर्यटन, कृषि, स्वास्थ्य तथा डिजिटल क्षेत्रमा सहकार्य विस्तारबारे छलफल गरेका थिए। नेपालले चिनियाँ लगानी आकर्षित गर्ने, व्यापार घाटा कम गर्ने र प्रविधि हस्तान्तरणलाई प्राथमिकतामा राखेको सरकारको भनाइ छ। चीनसँगको संवादमा बेल्ट एन्ड रोडअन्तर्गतका परियोजना, पूर्वाधार विकास र कनेक्टिभिटीका विषय पनि उठेका थिए। यद्यपि ती परियोजनाको कार्यान्वयन र वित्तीय मोडालिटी चुनौतीकै रूपमा रहेको विश्लेषण गरिएको छ।

» बाँकी पृष्ठ ६